# पैयूँ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

☎: 067 – 411101, 067 – 411102
✉: paiyungapa@gmail.com
🌐: www.paiyunmun.gov.np

हुवास, पर्वत
गण्डकी प्रदेश, नेपाल।


प.सं. २०८१/०८२
च.नं. ८१०८

मितिः २०८२/०२/०१

श्री जनप्रतिनिधि ज्यूहरु सवै,
श्री कर्मचारी ज्यूहरु सवै,
श्री प्रधानाध्यापक ज्यूहरु सवै,
श्री व्यवस्थापन समितिका पदाधिकारी ज्यूहरु सवै,
श्री शिक्षक अभिभावक संघका पदाधीकारी ज्यूहरु सवै,
श्री शिक्षक ज्यूहरु सवै,
श्री विद्यालय कर्मचारी ज्यूहरु सवै,
पैयूँ गाउँपालिका, पर्वत।

विषयः प्रमाण पेश गर्ने सम्वन्धमा।

प्रस्तुत विषयमा पैयूँ गाउँपालिका द्वारा सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि, कर्मचारी, शिक्षक, व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारी तथा शिक्षक अभिभावक संघका अध्यक्ष लगायत पदाधिकारीज्यूहरुले अनिवार्य रुपमा आफ्ना छोरा, छोरी/नाती, नातिनाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गराई पठनपाठन गराउनु पर्ने निर्णय भएको बेहोरा विधितै छ। सार्वजनिक शिक्षाको सुधारका लागि गाउँपालिकाद्वारा गरिएको निर्णयलाई पूर्ण रुपमा कार्यान्वयन गरी गाउँपालिकाको सार्वजनिक सुधार गर्ने दायित्व सम्वद्ध सवै पक्षको भएकाले यस गाउँपालिका भित्र रही सार्वजनिक पद धारण गरेका पदाधिकारीज्यूहरुले शैक्षिक सत्र २०८२ मा आफ्ना छोराछोरी/नाती नातीनाहरुलाई सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण यो पत्र जारी भएको मितिले ३ (तीन) दिनभित्र तपसिल वमोजिम पेश गर्नुहुन सम्वन्धित सवैमा जानकारीका लागि अनुरोध छ।

तपसिलः

१. अध्यक्ष/उपाध्यक्ष ज्यूहरुले पैयूँ गाउँपालिकाको कार्यालयमा।
२. वडा अध्यक्ष/सदस्यज्यूहरुले सम्वन्धित वडा कार्यालय मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा।
३. गाउँपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुले प्रशाशन शाखा मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा।
४. स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा।
५. व्यवस्थापन समितिका अध्यक्ष लगायत पदाधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष लगायत पदाधिकारी, विद्यालयका प्रधानाध्यापक लगायत शिक्षकहरुले सम्वन्धीत विद्यालय मार्फत शिक्षा, युवा तथा खेलकुद शाखामा।

२०८२/०२/०१
(जिवन गैरे)
प्रमुख प्रशासकीय अधिकृत